नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# नेपाल जलवायु नमुना कार्यक्रम संचालन कार्यविधि, २०७७

## प्रस्तावना

जलवायु परिवर्तनका नकारात्मक प्रभावहरुबाट सिर्जित जोखिमहरुको न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्ने राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ तथा पन्ध्रौं राष्ट्रिय योजनाको लक्ष्य प्राप्तिमा टेवा पुर्‍याउने उद्देश्यले आर्थिक वर्ष २०७७।७८ मा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयद्वारा स्थानीय तहहरुमा सशर्त अनुदानको रुपमा नेपाल जलवायु नमुना कार्यक्रम शीर्षकमा विनियोजित बजेट खर्च गरी कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तह एवं सरोकारवालाहरुलाई सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा १२ बमोजिम यो नेपाल जलवायु नमुना कार्यक्रम सञ्चालन कार्यविधि २०७७ लागु गरिएको छ ।

## परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम नेपाल जलवायु नमुना कार्यक्रम सञ्चालन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) कार्यक्रम भन्नाले नेपाल जलवायु नमुना कार्यक्रम सम्झनुपर्दछ ।

(२) गाउँ भन्नाले कम्तीमा २५ वटा परिवारहरुको बसोबास रहेको ग्रामिण वस्ती सम्झनुपर्दछ ।

(३) जलवायु परिवर्तन अनुकूलन भन्नाले जलवायु परिवर्तनका विद्यमान र सम्भावित असरहरुसँग जुध्न तथा अवसरहरुलाई उपयोग गर्न प्राकृतिक तथा सामाजीक प्रणालीहरुमा अवलम्बन गरिने उपायहरुलाई सम्झनुपर्दछ ।

(४) जलवायु परिवर्तन न्यूनीकरण भन्नाले हरितगृह ग्यासको उत्सर्जन कटौती गरेर वा वायुमण्डलमा भएको हरितगृह ग्यासलाई संश्लेषण गरेर वायुमण्डलमा हरितगृह ग्यास थप हुनबाट रोक्ने कार्यलाई सम्झनुपर्दछ ।

(५) पालिका भन्नाले कार्यक्रम कार्यान्वयन गरिने गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्दछ ।

(६) मन्त्रालय भन्नाले नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्दछ ।

(७) स्थानीय अनुकूलन कार्ययोजना (लापा) भन्नाले स्थानीय अनुकूलन कार्ययोजना खाका २०७६ अनुसार तयार भएको पालिकाको जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवधिक कार्ययोजनालाई सम्झनुपर्दछ ।

(८) शहर भन्नाले कम्तीमा १०० परिवारहरुको बसोबास रहेको र न्यूनतम शहरी पूर्वाधार भएको वस्ती सम्झनुपर्दछ ।

**३. कार्यकमको उद्देश्य :** पालिका वा सो अन्तर्गतका गाउँ वा शहरहरुमा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका कार्यहरु सघन रुपमा सञ्चालन गरी जलवायु उत्थानशील विकासको नमुना प्रदर्शन गर्नु कार्यकमको उद्देश्य रहेको छ ।

**४. अतिरिक्त वित्त परिचालन :** कार्यकम कार्यान्वयन गर्ने पालिकाले आफ्नै स्रोत वा अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट अतिरिक्त वित्त परिचालन गर्न सक्नेछ ।

## परिच्छेद २ : कार्यकम कार्यान्वयन गरिने क्षेत्र

**५. कार्यकम कार्यान्वयन गरिने पालिका :**

(१) मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यकम अनुसार छनौट भएका पालिकाहरुमा कार्यकम कार्यान्वयन गरिने छ ।

(२) मन्त्रालयद्वारा वैदेशिक सहायतामा सञ्चालित जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित आयोजना कार्यान्वयन भइरहेका पालिकाहरुमा समेत कार्यकम कार्यान्वयन गर्न सकिने छ ।

**६. कार्यकम कार्यान्वयन गरिने गाउँ वा शहर :**

पालिकाले यस कार्यविधिको बुँदा ८ बमोजिम छनौट गरेको गाउँ वा शहरमा मात्र कार्यकम कार्यान्वयन गरिनेछ । तर पालिकास्तरीय स्थानीय अनुकूलन कार्ययोजना बनाउन र मौसम पूर्व सूचना प्रणालीको स्थापना गर्ने कार्यमा यो बुँदाले बाधा पुर्‍याएको मानिने छैन ।

## परिच्छेद ३ : कार्यकम सञ्चालन प्रकिया

**७. स्थानीय अनुकूलन कार्ययोजना (लापा) तर्जुमा :**

(१) पालिकाको स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा भइनसकेको भए आर्थिक वर्षको पहिलो चौमासिक भित्र पालिकास्तरीय स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गर्नु पर्नेछ ।

(२) लापा तर्जुमा गर्ने कार्यको लागि प्रचलित कानून बमोजिम परामर्श सेवा खरिद गर्न सकिनेछ ।

(३) लापा तर्जुमा प्रकियामा मार्गदर्शन एवं सुपरिवेक्षण गर्न मन्त्रालयले आवश्यकता अनुसार प्राविधिक कर्मचारी खटाउनेछ ।

## ८. कार्यक्रम कार्यान्वयन गरिने गाउँ वा शहरको छनौट :

(१) पालिकाले स्वीकृत बजेट तथा अतिरिक्त वित्तीय स्रोतको उपलब्धताको आधारमा लापामा पहिचान गरिएका गाउँ वा शहर विशेषका जलवायुजन्य जोखिम एवं अनुकूलन कार्यक्रमहरु समेतको विश्लेषण गरी कार्यक्रम कार्यान्वयन गरिने एक गाउँ वा शहरको छनौट गर्नु पर्नेछ । तर बुँदा ९ (१) बमोजिमको विवरण अनुसार छनौट गरिएको गाउँ वा शहरमा सञ्चालन गरिने क्रियाकलापहरुको लागत अनुमान स्वीकृत बजेटभन्दा कम भएमा बाँकी रकम खर्च गर्ने गरी थप गाउँ छनौट गर्न सकिनेछ ।

(२) बुँदा ८(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि पालिकाको लापा तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गरिने गाउँ वा शहर छनौट गर्दा कार्यक्रम कार्यान्वयन गर्न समयाभाव हुने देखिएमा पालिकाले कार्यक्रम कार्यान्वयन गरिने गाउँ वा शहर लापा तर्जुमा गर्नु अगावै छनौट गरी कार्यक्रम अगाडी बढाउन सक्नेछ ।

(३) बुँदा ८(१) बमोजिमको गाउँ वा शहर छनौट गर्ने कार्यमा सम्भव भएसम्म कृषि विज्ञ, वन तथा वातावरण विज्ञ एवं सिभिल इन्जिनियर लगायतको विज्ञ समूह परिचालन गर्नु पर्नेछ ।

(४) बुँदा ८(१) बमोजिमको गाउँ वा शहर छनौट गर्ने कार्य बुँदा ७(३) बमोजिम खटिएको मन्त्रालयको कर्मचारीको संलग्नतामा गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयन गरिने गाउँ वा शहर छनौट गर्दा देहाय बमोजिमका सूचकहरुलाई ध्यान दिनु पर्नेछ ।

(क) जलवायु उत्थानशील विकासको प्रदर्शनी तथा सिकाइ स्थलको रुपमा विकास गर्न सकिने

(ख) जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुको जोखिम बढी भएको

(ग) गरिब, विपन्न लगायत जलवायु संकटासन्न समुदायको बसोबास रहेको

(घ) सामाजिक तथा पारिस्थितिकीय प्रणालीको उत्थानशीलता सम्बन्धी धेरै प्रकारका क्रियाकलापहरु सञ्चालन गर्न सकिने

## ९. कार्यक्रमको कार्ययोजना तर्जुमा :

(१) बुँदा (८) बमोजिम छनौट भएको गाउँ वा शहरको स्थानविशेषका जलवायुजन्य जोखिम एवं उक्त गाउँ वा शहरलाई नमूनायोग्य बनाउन आवश्यक पर्ने जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका सबै क्रियाकलापहरुको स्थान विशेष एवं अनुमानित लागत सहितको विवरण तयार गर्नु पर्नेछ ।

(२) बुँदा ९(१) बमोजिमको विवरणमा उल्लिखित सबै क्रियाकलापहरु एकै आर्थिक वर्षमा कार्यान्वयन गर्न कार्यक्रमको लागि विनियोजित बजेट पर्याप्त हुने भएमा ती सबै क्रियाकलापहरु समावेश गरी आर्थिक वर्ष २०७७।७८ को वार्षिक कार्ययोजना तर्जुमा गरी पालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(३) बुँदा ९(१) बमोजिमको विवरणमा उल्लिखित सबै क्रियाकलापहरु एकै आर्थिक वर्षमा कार्यान्वयन गर्न कार्यक्रमको लागि विनियोजित बजेट अपर्याप्त हुने भएमा ती क्रियाकलापहरुलाई प्राथमिकीकरण

गरी आर्थिक वर्ष २०७७।७८ को वार्षिक कार्ययोजना सहितको बहुवर्षीय कार्ययोजना तर्जुमा गरी पालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(४) कार्यक्रमको कार्ययोजना तर्जुमा गर्दा सहभागितात्मक पद्धति अवलम्बन गर्नु पर्नेछ । यस क्रममा उच्च जलवायुजन्य जोखिममा रहेका व्यक्ति, परिवार, समूह र समुदायको सहभागिता सुनिश्चित गर्दै उनीहरुको चासोहरुलाई अधिकतम रुपमा सम्बोधन गर्नु पर्नेछ ।

(५) कार्यक्रमको कार्ययोजना तर्जुमा गर्ने कार्यमा कृषि विज्ञ, वन तथा वातावरण विज्ञ एवं इन्जिनियर लगायतका विषय विज्ञहरु सम्मिलित विज्ञ समूह परिचालन गर्नु पर्नेछ ।

(६) बुँदा ७(३) बमोजिम खटिएको मन्त्रालयको कर्मचारीले कार्ययोजना तर्जुमा गर्ने कार्यको प्राविधिक सुपरिक्षण गर्नेछ ।

**१०. कार्ययोजनामा समावेश गरिने क्रियाकलापहरु :**

(१) बुँदा ९ बमोजिम तयार गरिने बहुवर्षीय तथा वार्षिक कार्ययोजनामा देहायका विषयगत क्षेत्रका देहाय बमोजिमका क्रियाकलापहरु समावेश गर्न सकिने छ ।

**(क) कृषि तथा खाद्य सुरक्षा**

१) सिँचाइ कुलो मर्मत र सुधार, सौर्य ऊर्जामा आधारित लिफ्ट सिँचाइ तथा पानी किफायती सिँचाइ प्रविधि (जस्तैः थोपा सिँचाइ) प्रवर्द्धन गर्ने

२) जैविक मलको उपयोगलाई प्रोत्साहन गर्दै प्रांगारिक खेती प्रवर्द्धन गरी प्रांगरिक गाउँको रुपमा पहिचान स्थापित गर्ने तथा माटोको गुण स्तरोन्नति गर्ने खालका रुखविरुवा तथा वाली (जस्तैः कोशेवाली) को प्रवर्द्धन गर्ने

३) स्थानीय हावापानी र माटो सुहाउँदो (सकेसम्म स्थानीय जातका) तरकारी तथा फलफूलका जात पहिचान गरी हरेक घरमा वाली विविधिकृत करेसावारी तथा घर बगैंचा निर्माण गर्ने (सामुदायिक बिउ बैंक तथा साझा नर्सरी स्थापना गर्ने समेत)

४) फलफूल लगायत वहुउपयोगी रुख प्रजातिहरु सहितको कृषि वन विकास गर्ने

५) व्यवसायिक तरकारी तथा फलफूल खेती गरी बजार प्रवर्द्धन गर्ने (जस्तैः टनेल खेती, कमर्सियल पकेट एप्रोच मार्फत बजारीकरण)

६) गोठ, खोर, भकारो तथा मलखाद भण्डार सुधार गर्ने तथा चरिचरण व्यवस्थित गर्ने

७) कृषकहरुलाई लक्षित गरी मौसम पूर्व सूचना प्रणालीको स्थापना गर्ने

८) ऊर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग गर्ने (जस्तैः सोलार स्टोर, रस्टिक स्टोर, परम्परागत भण्डारण प्रविधिको स्तरोन्नति)

९) कृषि तथा पशु विमा प्रवर्द्धन गर्ने

१०) रोग तथा किरा नियन्त्रणका लागि जीवनाशक बिषादीको प्रयोग तथा एकीकृत शत्रुजीव व्यवस्थापन पद्धति अवलम्बन गर्ने

**(ख) वन, जैविक विविधता तथा जलाधार**

१) समुदायमा आधारित दिगो वन व्यवस्थापनका कियाकलापहरु प्रवर्द्धन गर्ने
२) खाली जमीन, सडक किनारा तथा नदी किनारामा वृक्षारोपण गरी त्यसको संरक्षण र संवर्द्धन गर्ने
३) स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने काष्ठ तथा गैरकाष्ठ (जडिबुटी) जन्य उद्यम विकास गर्ने
४) वायो इन्जिनियरिङ.को प्रयोग मार्फत गल्छी, पहिरो, बाढी रोकथाम, क्षेतीग्रस्त भूमीको पूनर्स्थापना, पानी मुहान संरक्षण एवं जल पूनर्भरण पोखरी निर्माण गरी जलाधार संरक्षण गर्ने
५) मिचाहा प्रजातिको रोकथाम गर्ने
६) सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने ।

**(ग) जलस्रोत तथा ऊर्जा**

१) पानीको किफायती उपयोग तथा बहुउपयोगको प्रविधि प्रवर्द्धन गर्ने (जस्तैः सीमित स्रोतबाट खानेपानी, सिँचाइ, पानीघट्ट आदिमा पानीको उपयोग गर्ने, जुठेल्नो व्यवस्थापन लगायतबाट खेर जाने फोहर पानीलाई करेसाबारीमा प्रयोग गर्ने, मल्चिङ. प्रविधिलाई प्रोत्साहन गर्ने आदि)
२) वर्षातको पानी संकलन गर्ने घैंटो, टंकी, पोखरी निर्माण गर्ने
३) सौर्य ऊर्जा, वायोग्यास, लघुविद्युत जस्ता सफा ऊर्जाको उत्पादन तथा उपयोग एवं ऊर्जा किफायती प्रविधिको (जस्तैः सुधारिएको चुल्हो) प्रवर्द्धन गर्ने
४) एल. पि. ग्यास प्रतिस्थापन गरी विद्युतीय चुल्होको प्रयोगमा प्रोत्साहन गर्ने

**(घ) विविध**

१) पर्यापर्यटन प्रवर्द्धनका लागि हरित पैदल मार्गको व्यवस्थापन गर्ने (जस्तैः गोरेटो बाटो सुधार)
२) प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने
३) फोहरमैलाको व्यवस्थापन गर्ने (जस्तैः घर घरमा फोहरको वर्गीकरण गरी कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने तथा नकुहिने फोहरको पूनर्पयोग गर्ने)
(४) प्लाष्टिकको प्रयोग निरुत्साहित गर्ने (जस्तैः प्लास्टिक झोलाको प्रतिस्थापन गर्न कपडाको झोलाको उपयोग)
४) विद्यालय लगायतका सार्वजनिक संस्थाहरुलाई जलवायुमैत्री बनाउने (जस्तैः सोलार ऊर्जा, वृक्षारोपण, फोहर व्यवस्थापन)
५) जलवायु परिवर्तन सम्बन्धी सचेतना जगाउने (जस्तैः घर घरमा पोष्टर, कृषि पात्रो लगायतका प्रचार प्रसार सामाग्रीहरु राख्ने, विद्यालयमा इको क्लव गठन गरी परिचालन गर्ने)
६) घरहरुलाई जलवायु उत्थानशील बनाउने (जस्तैः खरको छाना प्रतिस्थापन गरी टिनको छानो लगाउने)

७) घर तथा सार्वजनिक संस्थाहरुमा शौचालय बनाउने (जस्तै: शौचालयको लागि किन्नुपर्ने सामाग्री अनुदान दिने)

(२) बुँदा १० (१) बमोजिमका कियाकलापहरुका अतिरिक्त राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ तथा स्थानीय अनुकूलन कार्ययोजना (लापा) खाका २०७६ अनुरुपका अन्य जलवायु परिवर्तन अनुकूलन एवं न्यूनीकरणका कियाकलापहरु कार्ययोजनामा समावेश गर्न सकिनेछ ।

## १०. वार्षिक कार्ययोजनाको कार्यान्वयन :

(१) बुँदा ९(२) वा ९(३) बमोजिम स्वीकृत कार्ययोजनामा निर्दिष्ट प्रत्येक कियाकलापहरुको प्राविधिक डिजाइन एवं लागत अनुमान सहितको विस्तृत परियोजना प्रस्ताव तयार गरी प्रचलित कानून बमोजिम उपभोक्ता समूह, ठेक्का पट्टा वा अमानतबाट कार्यान्वयन गर्नु पर्नेछ ।

## ११. कार्यक्रम कार्यान्वयनको कार्यतालिका :

देहायको चौमासिक कार्यतालिका बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(क) प्रथम चौमासिक

१) मन्त्रालयको प्रतिनिधि समेतको उपस्थितिमा पालिकामा कार्यक्रमको योजना तर्जुमा तथा कार्यान्वयनबारे छलफल

२) लापा तर्जुमा (परामर्श सेवा खरिद गर्नुपर्ने भए सो कार्य, समुदाय र वडास्तरमा परामर्श, तथ्यांक संकलन तथा विश्लेषण, प्राविधिक तथ्यांकहरुको संकलन तथा विश्लेषण, लापा दस्तावेजको मस्यौदा तयारी, मस्यौदामाथि पालिकामा परामर्श, लापा स्वीकृति)

३) कार्यक्रम कार्यान्वयन गरिने गाउँ वा शहरको छनौट (बहुविषयगत विज्ञहरु सम्मिलित विज्ञ समूहबाट स्थलगत अध्ययन, पालिकामा छलफल, छनौटको निर्णय)

४) कार्यक्रम कार्यान्वयन गरिने गाउँ वा शहरको जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी बहुवर्षिय वा वार्षिक कार्ययोजना तर्जुमा (विज्ञ समूहबाट स्थलगत सर्वेक्षण, जलवायु जोखिम तथा अनुकूलन र न्यूनीकरणका कियाकलापहरु पहिचान र प्राथमिकीकरण, वार्षिक कार्ययोजना स्वीकृति)

(ख) दोस्रो चौमासिक

१) वार्षिक कार्ययोजना बमोजिमका कियाकलापहरुको विस्तृत परियोजना प्रस्ताव तयारी एवं आवश्यक भए उपभोक्ता समूह गठन (गाउँ वा शहरमा कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रका सबै घरधुरी सम्मिलित कुनै उपभोक्ता समूह कियाशिल रहेको भए सो मार्फत कियाकलाप संचालन गर्न सकिने)

२) वार्षिक कार्ययोजना बमोजिमका कियाकलापहरुको कार्यान्वयन (उपभोक्ता समूहसँग सम्झौता वा ठेक्का वन्दोवस्ती, कियाकलाप कार्यान्वयन)

(ग) तेस्रो चौमासिक

१) वार्षिक कार्ययोजना बमोजिमका कियाकलापहरु कार्यान्वयन गरी सम्पन्न गर्ने

**१२. कार्यक्रम समन्वय समिति :**

(१) कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्न कार्ययोजना तर्जुमा देखि कार्यान्वयन र अनुगमन, मूल्याङ्कन समेतमा मार्गनिर्देश गर्न निम्न बमोजिमको एक कार्यक्रम समन्वय समिति गठन गरिनेछ ।

संयोजक : पालिकाको प्रमुख वा अध्यक्ष
सहसंयोजक: पालिकाको उपप्रमुख वा उपाध्यक्ष
सदस्य : कार्यक्रम सञ्चालन हुने वडाको वडा अध्यक्ष
सदस्य: मन्त्रालयको अधिकृत प्रतिनिधि
सदस्य : कार्यक्रमको साझेदार संस्था भएमा त्यसको प्रतिनिधि
सदस्य सचिव : पालिकाको प्रमुख प्रशासकीय अधिकृत

(२) समितिले आवश्यक ठानेमा पालिकाका सम्बन्धित विषयगत समिति वा शाखाका प्रमुख तथा कार्यक्रमसँग सम्बन्धित जिल्ला स्थित सरकारी निकायका प्रमुख वा प्रतिनिधिलाई समितिमा समावेश गर्न वा बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) कार्यक्रमको कार्ययोजना तर्जुमा गर्न सहजीकरण गर्ने ।
(ख) कार्ययोजना तर्जुमा एवं कार्यान्वयन गर्न जनसहभागिता प्रवर्द्धन गर्ने ।
(ग) कार्यक्रम कार्यान्वयन गर्न विभिन्न स्रोतबाट लगानी अभिवृद्धि गर्ने ।
(घ) कार्यक्रमको कार्यान्वयनमा सुशासन कायम गर्ने ।
(ङ.) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने ।

**१३. जनशक्ति व्यवस्थापन :**

पालिकामा मौजुदा जनशक्ति परिचालन गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । तर मौजुदा जनशक्तिबाट सम्पादन गर्न नसकिने कुनै खास प्रकृतिको प्राविधिक सेवा आवश्यक पर्ने भएमा प्रचलित कानून बमोजिम सेवा खरिद गर्न सकिनेछ ।

## परिच्छेद ४ : कार्यक्रमको अनुगमन र मूल्याङ्कन

**१४. कार्यक्रमको अनुगमन :**

(१) पालिकाको निर्धारित संयन्त्रले कार्यक्रमको नियमित अनुगमन गर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) कार्यक्रम समन्वय समितिले कम्तीमा चौमासिक रुपमा कार्यक्रमको स्थलगत अनुगमन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पृष्ठपोषण गर्नु पर्नेछ ।

(३) मन्त्रालयले कम्तीमा चौमासिक रुपमा कार्यक्रमको स्थलगत अनुगमन गरी सुधार गर्नु पर्ने विषय भए पालिकालाई आवश्यक सुझाव दिनेछ । मन्त्रालयबाट प्राप्त सुझावको आधारमा कार्यक्रमको कार्यान्वयमा सुधार गर्नु पालिकाको कर्तव्य हुनेछ ।

**१५. कार्यक्रमको मूल्याङ्कन :**

(१) पालिकाको निर्धारित संयन्त्र एवं कार्यक्रम समन्वय समितिले आर्थिक वर्षको अन्तमा कार्यक्रमको प्रगति समीक्षा तथा प्रभावकारिताको मूल्याङ्कन गर्नेछन् ।

(२) मन्त्रालयले आर्थिक वर्षको अन्तमा कार्यक्रम लागु भएका पालिकाहरुको कार्यक्रम कार्यान्वयनको छुट्टा छुट्टै र एकमुष्ठ प्रगति समीक्षा तथा प्रभावकारिताको मूल्याङ्कन गर्नेछ ।

(३) कार्यक्रमको प्रगति समीक्षा र प्रभावकारिताको मूल्याङ्कनलाई आगामी वर्षहरुमा पालिकामा कार्यक्रमको निरन्तरता र थप पालिकामा विस्तार गर्ने नगर्ने सम्बन्धमा निर्णय गर्न उपयोग गरिनेछ ।

**१६. प्रतिवेदन :**

(१) पालिकाले कार्यक्रम कार्यान्वयनको प्रत्येक महिनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अर्को महिनाको दुई गतेभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) पालिकाले बुँदा १४(१) र (२) एवं बुँदा १५(१) बमोजिमको अनुगमन र मूल्याङ्कनको आधारमा वार्षिक कार्ययोजना अनुसारका कियाकलापहरुको भौतिक तथा वित्तीय प्रगति देखिने गरी अवधि सकिएको सात दिन भित्र चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन मन्त्रालय र साझेदार संस्था भए सो समेतमा उपलब्ध गराउनु पर्नेछ ।

(३) चौमासिक र वार्षिक प्रगति प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनका विभिन्न चरण झल्किने फोटोहरु अनिवार्य रुपमा र सम्भव भएसम्म श्रव्यदृष्य सामाग्री समेत संलग्न गर्नु पर्नेछ ।

(४) वार्षिक प्रगति प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइको आधारमा अन्य स्थानहरुमा विस्तार गर्न उपयुक्त हुने प्रविधि एवं कियाकलापहरु वा असल अभ्यासहरु भए सो समेत संलग्न गर्नु पर्नेछ ।

**परिच्छेद ५ : विविध**

**१६. विविध**

(१) मन्त्रालयद्वारा वैदेशिक सहायतामा सञ्चालित जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित आयोजनाले कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत आयोजना दस्तावेजमा निर्धारित आयोजना कार्यान्वयन प्रकियामा प्रतिकूल असर नपर्ने हदसम्म यो कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा आइपरेमा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयले सो को अन्तिम व्याख्या गर्ने छ ।

(३) यस कार्यविधीमा भएका कुराहरु प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म कानून बमोजिम हुनेछ ।